# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, साउन २ गते २०४२ साल (अतिरिक्ताङ्क १८ (ख)

## भाग ३

श्री ५ को सरकार

जलस्रोत मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन मिति २०४२।५।१ देखि प्रारम्भ हुने गरी तोकेको छ।

### सूचना २

श्री ५ को सरकारले विकास समिति ऐन, २०१३ को दफा ८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायको नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठन भएको देहायको विकास समितिहरूलाई मिति २०४२।५।१ देखि विघटन हुने गरी तोकेको छ।

१. खण्ड २५ मिति २०३२।४।१९ संख्या १७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सुर्खेत जल विद्युत् विकास समिति (गठन) आदेश, २०३२
२. खण्ड २५ मिति २०३२।९।२१ संख्या ३८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित कुलेखानी जल विद्युत् विकास समिति (गठन) आदेश, २०३२
३. खण्ड ३१ मिति २०३८।८।१५ संख्या ३३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित विद्युत् प्रसारण लाइन विकास समिति (गठन) आदेश, २०३८
४. खण्ड ३२ मिति २०३९।९।२६ संख्या ३७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित कुलेखानी दोस्रो जल विद्युत् विकास समिति (गठन) आदेश, २०३९।

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।